# धितोपत्र दर्ता तथा बिक्रीकरण नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०७४/७५ को प्रथम त्रैमासिक विवरण

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :
यसै साथ संलग्न गरिएको छ ।

• सम्बन्धित पक्ष (Related Party) बीच कुनैपनि कारोबार नभएको ।

२. **व्यवस्थापकिय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण:
संस्थाको मजबुत जोखिम न्यूनिकरणका उपायहरूका कारण बैंकको मौज्दात, आम्दानी र तरलतामा सकारात्मक प्रभाव कायम रहेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
बैंकको संचालन खर्चमा हुँदै गएको बृद्धिलाई नियन्त्रण गर्दै बैंकले दीर्घकालिन व्यावसायिक योजना अनुरूप आगामी अवधिमा पनि गुणस्तरिय कर्जा प्रवाह, खुद ब्याज आम्दानीमा बृद्धि गरी बैंकका सेवाग्राही ग्राहकवर्ग तथा बैंकका शेयरधनीहरू लगायत सम्बद्ध सम्पूर्ण पक्षको हितमा कार्य गर्दै जाने योजना रहेको छ ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भए सो सम्बन्धि विश्लेषणात्मक विवरण :
हाल सम्मको अनुभवमा बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना नगरिएको छ ।

३. **कानूनी कार्यवाहि सम्बन्धि विवरण :**

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको भए :
बैंकिङ्ग व्यवसाय गर्ने संस्था भएकोले कर्जा कारोबारको सिलसिलामा दायर भएको मुद्दा बाहेक अन्य कुनै उल्लेखनिय मुद्दा नरहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरे को सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :
छैन ।

(ग) कुनै संचालक वा संस्थापक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :
छैन ।

४. **बैंकको शेयर कारोबार सम्बन्धि विश्लेषण :**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
दोश्रो बजारमा हुने शेयर कारोबारको मुल्य माग र आपुर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्बन्धमा कुनै विशेष धारणा रहेको छैन ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य | : रू. ३८१ | शेयरको न्युनतम मुल्य | : रू. ३०६ |
| शेयरको अन्तिम मूल्य | : रू. ३२९ | शेयर कारोबार भएको कुल दिन | : ५६ |
| कारोबार संख्या | : ३२४६ | कुल कारोबार शेयर संख्या | : ७,३३,४८४ |

५. **समस्या तथा चुनौती :**

संगठित संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धि विवरण :

(क) आन्तरिक समस्या तथा चुनौती :
- मुद्रास्फितिको कारणले संचालन लागतमा हुने बृद्धि को असर ।
- बैंकबाट प्रदान गरिने दीर्घकालिन, मध्यकालिन, चालु पुँजी जस्ता कोषमा आधारित कर्जा तथा प्रतितपत्र, जमानत पत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरू उपलब्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरू ।
- निक्षेप तथा कर्जा लगानी ब्याज दरमा हुने परिवर्तन बाट असर पर्ने जोखिमहरू ।
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरू ।
- बैंकले प्रयोगमा ल्याएको Globus Banking Software मा तकनिकी गडबडीले हुन सक्ने जोखिम ।
- मुख्य कर्मचारीहरूले छोड्दा हुन सक्ने जोखिम ।

(ख) बाह्य समस्या तथा चुनौती :
- नेपाल राष्ट्र बैंकको नीति निर्देशनमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू ।
- नेपाल सरकारले बैंक तथा वित्तीय संस्था सम्बन्धी नीति निर्देशन तथा मौद्रिक नीतिमा परिवर्तन गर्दा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरू ।
- विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने परिवर्तन बाट हुन सक्ने जोखिमहरू ।
- देशको अस्थीर राजनैतिक स्थितिका कारण हुन सक्ने जोखिमहरू ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढाव बाट उत्पन्न हुन सक्ने जोखिमहरू ।

(ग) रणनीति :
- लागत कटौती तथा लागत नियन्त्रणका उपायहरू अवलम्बन गरिएको ।
- कर्जा लगानी प्रदान गर्दा आवश्यक अध्ययन गर्ने गरिएको ।
- बैंकको नीति नियम तथा आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरूस्त राखिएको ।
- भविष्यमा हुन सक्ने जोखिम बाट बच्न कर्मचारहिरूलाई आवश्यक तालिम दिने गरिएको ।
- बैंकको Banking Software मा हुन सक्ने तकनिकी गडबडीबाट बच्न आवश्यक Back-up राख्ने गरिएको ।
- कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमबाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गरिएको ।
- विनिमय दरमा हुने परिवर्तन बाट हुन सक्ने जोखिम बाट बच्नका लागि आवश्यक सटही घटबढ कोषको व्यवस्था गरिएको ।
- बैंकको संगठनात्मक संरचनामा परिवर्तन गरी बढी प्रभावकारी बनाइएको तथा केहि मुख्य कर्मचारीले छोड्दा पनि बैंक नियमित रूपमा सेवा प्रदान गर्न सक्षम रहने ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण :
- नेपाल राष्ट्र बैंकबाट जारी गरिएको संस्थागत सुशासन सम्बन्धी निर्देशीकाको पालना गर्नुका साथै बैंकका शेयरधनीहरू प्रति बैंक संचालक समिति पूर्ण रूपमा जवाफदेहि र उत्तरदायी रहेको छ ।
- बैंकको लेखापरिक्षण समितिले संस्थागत सुशासन सम्बन्धमा अनुगमन गरी प्रचलित नियम कानूनहरूको अनुपालना आदि बारे निरिक्षण गरी आवश्यक सुझाव समेत संचालक समितिलाई दिने गरेको छ ।
- बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरिक्षणबाट प्राप्त सुझावहरूको आधारमा संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तीगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरूलाई सुसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
Corporate Office, Lazimpat, Kathmandu
Phone No. : 01-4428556